विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति
Student Financial Assistance Fund Development Board (SFAFDB)
तिनकुने, काठमाडौं

चलानी नं. ८६
चलानी मिति: ०६५।१२।२०

मिति: २०७५।१२।२०

श्री सबै स्थानीय निकाय, विद्यालय तथा विद्यार्थीहरू

विषय: विद्यार्थीहरुको प्रारम्भिक छनोट सूची प्रकाशन गरिएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयवाट सञ्चालित उच्च शिक्षा सुधार परियोजना तथा विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम कार्यान्वयन हुदै आएको विदितै छ । हाल कक्षा ८, १० र ११ मा अध्ययनगर्ने विद्यार्थीहरूको प्रारम्भिक सूची प्रकासन गरिएको छ ।

क. फाराम भरी छनोट सूचीमा परेका विद्यार्थीहरूको हकमा

फाराम भरी छात्रवृत्तिका लागि छनोट सूचीमा परेका विद्यार्थीहरूले नजिकैको राष्ट्रिय वाणिज्य बैंकमा खाता खोली सोही बैंक मार्फत वैशाख मसान्तसम्ममा विवरणहरू (कबुलियतनामा तथा अध्ययनरत रहेको सिफारिस पत्र) प्रविष्टि गराउनु हुन विद्यालय तथा विद्यार्थीहरूलाई अनुरोध छ ।

ख. अनलाइन मार्फत विवरण भरी छनोट सूचीमा परेका विद्यार्थीहरूको हकमा

१. विद्यालयहरूले iemis.doe.gov.np मार्फत Login गरी विद्यार्थीहरू छात्रवृत्तिमा परेको वा नपरेको बारे थाहा पाउन सक्ने छन् ।
२. हाल कक्षा ८ मा अध्ययनरत भई छनोटमा परेका विद्यार्थीहरूले आगामी शैक्षिकसत्र वाट कक्षा ९ मा अध्ययन गर्न सुरू गरेपछि कबुलियतनामा भराउने कार्य गर्नु पर्नेछ । कबुलियतनामा www.sfafdb.edu.np वाट डाउनलोड गर्न सकिनेछ । (*जेष्ठ मसान्त सम्ममा भराइ सक्नु पर्नेछ ।*)
३. हाल कक्षा १० मा अध्ययनरत भई छनोटमा परेका विद्यार्थीहरूले आगामी शैक्षिकसत्र वाट कक्षा ११ मा अध्ययन गर्न सुरू गरेपछि कबुलियतनामा भराउने कार्य गर्नु पर्नेछ ।
४. हाल कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले कक्षा ११ मा छात्रवृत्ति पाउन कबुलियतनामा भराउने कार्य गर्नु पर्दछ । (*यो कार्य जेष्ठ १५ गते सम्ममा गरिसक्नु पर्नेछ ।*)

ग. कबुलियतनामा भराउने प्रकृया

१. विद्यालयले छनोटमा परेका विद्यार्थीहरूको कबुलियतिनामा भराउँदा कबुलियतिनामाको क्र २ र १ स. नं क०। विवरणहरू भराई नजिकैको "क" वर्गको वाणिज्य बैंकमा खाता खोल्न लगाउनु पर्नेछ । वाणिज्य बैक हाल ७५३ ओटै स्थानीय निकायमा उपलब्ध छन् । वाणिज्य बैकको नामावली www.sfafdb.edu.np को डाउनलोडमा राखिएको छ ।
२. कबुलियतनामा बैकले प्रमाणित गरेपछि सो प्रमाणित कबुलियतनामा विद्यालयमा बुझाउनु पर्नेछ ।
३. विद्यालयहरूले उक्त कबुलियतनामा iemis.doe.gov.np मा गई अनलाइन प्रविष्टि गरिदिनु पर्नेछ ।

कबुलियतनामा अनलाइन मार्फत प्रविष्टि गरेपछि उक्त कबुलियतिनामाको सक्कल प्रति शिक्षा विकास तथा समन्वय इकाइ हरूमा पठाइदिने व्यवस्था गर्नु पर्नेछ ।

तारा चौहान
अनुगमन अधिकृत

तिनकुने, काठमाडौं, नेपाल, फोन नं.: ०९७७-०१-४१११७१२, फ्याक्स: ०९७७-०१-४११७५५०, ईमेल: sfafdv@wlink.com.np
Tinkune, Kathmandu, Nepal, Phone: 0977-01-411712, Fax: 0977-01-4117550